GLOBAL WATER LEADERSHIP PROGRAMME

Global Water Partnership

unicef

# परिवर्तनशील जलवायुमा विश्वव्यापी जल नेतृत्व (जीडब्लूएल)

सुधारिएको जल, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरू एवम् जलवायु उत्थानशीलताकालागि उदीयमान विकासमा सहयोग गर्न विश्वव्यापी पहल

## पृष्ठभूमि

मानव स्वास्थ्य तथा कल्याण लगायत विकास र जीविकोपार्जन अवसरहरूको लागि दिगो र जलवायु- उत्थानशील पिउने-पानी, सरसफाइ, र स्वच्छता (वास) सेवाहरूमा न्यायसंगत र समावेशी पहुँच महत्त्वपूर्ण हुन्छ। राम्रोसँग व्यवस्थित गरिएको वास सेवाले कोभिड -१९ जस्ता रोगहरू विरुद्ध लड्न, मानिसलाई जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुन, महिला तथा बालिकाहरूलाई सशक्तिकरण गर्न र दिगो विकास सम्बन्धी फराकिलो लक्ष्यहरू हासिल गर्न मद्दत पुग्छ। दिगो वास सेवाको लागि जलस्रोतको उचित व्यवस्थापन पूर्व-शर्त मानिन्छ।

यद्यपि, यस विषयवस्तुको गम्भीर महत्त्वको बाबजुद पनि ७८ करोड ५० लाखभन्दा बढी मानिस अझै पनि पानीको पहुँचमा छैनन्; १ अर्ब ९० करोडभन्दा बढी मानिस आधारभूत सरसफाइको पहुँचबाट वञ्चित छन्। विश्वको कूल जनसंख्याको ७१ प्रतिशतभन्दा कम व्यक्तिसंग मात्रै घरमा साबुन र पानीले हात धुने आधारभूत सुविधा छन्। विकासोन्मुख देशहरूले जलवायु संकटासन्नताको कारण जलवायु परिवर्तनको प्रभावको व्यापक चुनौती भोगिरहेका छन् र जलवायु सम्बन्धी जोखिम घटाउने उपायहरु कम भएकाले सबैभन्दा ठूलो चुनौतिको सामना गर्छन्।

निर्णय र नीति निर्माणलाई सूचित गर्न अन्यकुराको अतिरिक्त उपयोगी तथ्याङ्कको अभाव, जल सुरक्षा सम्बन्धी कार्यलाई प्राथमिकता दिने उच्चस्तरीय नेतृत्व विकास र उत्थानशीलता बढाउनको लागि लगानी अभावका कारण विश्वव्यापीरूपमा जल सुरक्षामा सुधार गर्ने हालका प्रयास कमजोर हुदै गएकाछन्।

यी चुनौतिहरूलाई सम्बोधन गरी संकटासन्न जनसंख्या (विशेष गरी महिला र युवा) को उत्थानशीलता, स्वास्थ्य, कल्याण र जीविकोपार्जनका विकल्पमा सुधार गर्न संयुक्त अधिराज्यको वैदेशिक राष्ट्रमण्डल तथा विकास कार्यालय (युके फरेन कमनवेल्थ एण्ड डेभलपमेन्ट अफिस - एफसिडिओ) ले विश्व जल साझेदारी (ग्लोबल वाटर पार्टनरसिप - जीडब्लूपी), संयुक्त राष्ट्रसंघ बाल कोष (यूनिसेफ), सबैकालागि सरसफाई तथा पानी (एसडब्लूए), जेएमपी र विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) सँगको सहकार्य (साझेदारी) मा परिवर्तनशील जलवायुको कार्यक्रम अन्तर्गत ग्लोबल वाटर लिडरशिप (जीडब्लूएल) सुरु गर्‍यो। जीडब्लूएलले छनौट गरेका न्यून र मध्यम आय भएका देश (एलएमआइसीहरु) का सरकारलाई जलवायु-उत्थानशील एवं लैङ्गिकरुपान्तरणयुक्त जल व्यवस्थापन र वास सेवालाई राजनैतिक प्राथमिकता दिई सामाजिक-आर्थिक रुपान्तरण गर्नकालागि एक स्थलगत विश्वव्यापी पहलकदमीमार्फत महत्वपूर्ण सहयोग गर्दछ।

## कार्यक्रमको उद्देश्य तथा उत्पादन

सन् २०२१ को मे महिनामा सुरु गरिएको यो विश्वव्यापी जल नेतृत्व कार्यक्रम सन् २०२४ सम्म कार्यान्वयन रहनेछ। सरकारहरूलाई प्रभावकारी र समावेशी जलवायु-उत्थानशील जल नीति तथा रणनीति लागू गर्न सहयोग गर्नु यो कार्यक्रमको प्राथमिक ध्यान रहेको छ र यसबाट राम्रो सेवा पाई जलवायु-उत्थानशील समुदाय कायम गर्न सहयोग पुग्नेछ। यो कार्यक्रममा पानी र वास क्षेत्र संलग्न हुनेछन् र तिनको स्रोत र सेवामा जलवायु परिवर्तनको प्रभाव पहिचान गर्न र जलवायु वित्तको पहिचान तथा पोषणका लागि व्यापक अवसर मिल्नेछ।

मुख्य कार्यक्रमको उद्देश्यहरू सफलतापूर्वक प्राप्त गर्न निम्न कुराको साथै पहिचान गरिएका देशहरूमा सरकारी समकक्षीहरु यस कार्यक्रमको महत्त्वपूर्ण साझेदारहरू हुनेछन्:

- देशमा जलस्रोत व्यवस्थापन र वास सेवा सम्बन्धी महत्वपूर्ण प्रमाण र तथ्याङ्कहरू संकलन तथा विश्लेषण गरी सम्बन्धित नीति र रणनीतिलाई रुपान्तर गर्न निर्णय प्रक्रियामा मद्दत गर्ने;
- जलस्रोत र वास सेवामा जलवायु परिवर्तनको प्रभाव पहिचान गर्ने, प्राविधिक उपायहरुको खोजी गर्ने तथा तिनलाई प्रमुख राष्ट्रिय नीति, योजना, रणनीति र प्राथमिकताहरूमा समावेश गर्ने;
- राष्ट्रिय प्रयासलाई ध्यान दिदै नयाँ वा विद्यमान वित्तको सम्भावित स्रोत लगायत अवरोधहरू पहिचान गर्ने र तिनलाई हटाउन रणनीति तर्जुमा गरी प्रगति हुने खालका कार्य अघि बढाउँने;
- जल सुशासनलाई सुदृढ गर्न तथा उत्थानशील एवं समावेशी जलस्रोत व्यवस्थापन र वास सेवा पुन:प्राप्त गर्न सरोकारवालाहरूबीच राजनीतिक इच्छाशक्ति निर्माण गर्ने तथा गतिशील सहकार्यलाई बढावा दिने;
- नयाँ आवाज (चासो) का लागि स्थल (प्लाटेट्) सिर्जना गरेर जल नेतृत्वलाई सुदृढ बनाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा स्वास्थ्य, जीविकोपार्जन, जलवायु-उत्थानशीलता र आर्थिक वृद्धिकालागि दिगो जलस्रोत र वास सेवाको महत्त्वको वारेमा वकालत गर्ने; र
- जलवायु-उत्थानशील जलस्रोत र वास सेवाकालागि लगानीका मामला (केस) सिर्जना गर्ने।

**२०२० मा**

**२ अर्ब मानिसलाई**
सुरक्षितरुपमा व्यवस्थापन भएको पिउने पानीको अभाव भयो

**२ अर्ब ३० करोड मानिसलाई**
आधारभूत हातधुने सेवाको अभाव भयो

**३ अर्ब ६० करोड मानिसले**
सुरक्षितरुपमा व्यवस्थापन भएको सरसफाईको सेवा पाएनन्

## परिवर्तनको सिद्धान्त

| उत्पादन | परिणाम | प्रभाव |
|---|---|---|
| विश्व तथा राष्ट्रिय स्तरमा जलस्रोत तथा वास सुशासनमा भएको नेतृत्व र सहकार्य सुदृढ | एलएमआइसीका अति गरिब र संकटासन्न जनताले उत्थानशील, सुरक्षितरूपमा व्यवस्थित जल र वास सेवाको प्रयोग गर्छन् ↑ | |
| जल व्यवस्थापन र वास सेवाकोलागि समावेशी तथा उत्थानशील नीति र रणनीति विकासकालागि सूचित गर्न विश्लेषित तथ्याङ्कको प्रयोग | | एलएमआइसीहरुका गरिब र संकटासन्न जनताकालगि सुधारिएको उत्थानशील, स्वास्थ्य तथा कल्याणकारी अवस्थाको सिर्जना |
| जलस्रोतको दिगो व्यवस्थापन र सरकारको नेतृत्वमा सहयोगी कार्यलाई उत्प्रेरित गर्न समावेशी र उत्थानशील वास सेवाको वितरणमा बाधा पुर्याउने अड्चन तथा स्रोतको वाध्यताको पहिचान | बीचको परिणाम: एलएमआइसीहरुले जल र वास सेवाकालागि समावेशी र उत्थानशील नीति र रणनीति कार्यन्वयन गर्छन् | |

## कार्यक्रम कार्यान्वयन




यो कार्यक्रम विश्व जल साझेदारी (संस्था), संयुक्त राष्ट्रसंघ बाल कोष (युनिसेफ), सबैका लागि सरसफाई तथा पानी (एसडब्लूए), विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र खानेपानी, सरसफाई र स्वच्छताकोलागि संयुक्त अनुगमन कार्यक्रमबीचको रणनीतिक सहकार्य (जेएमपी) एवं अन्य संस्थाहरुको सहयोगमा कार्यन्वयन भईरहेको छ। तल देखाइए जस्तै कार्यक्रममा प्रत्येक साझेदारले विशेष भूमिका खेल्छन्।

आफ्नो लक्ष्य प्राप्तिकालागि यस कार्यक्रमले तेर्सो र ठाडो (होरिजोन्टल् र भर्टिकल्) दुवै उपागम (एप्रोच) अवलम्बन गर्छ। देश भित्र राष्ट्रिय र स्थानीय सरोकारवालाहरूबीच, अन्तर्राष्ट्रिय मंचमा राष्ट्रिय र विश्वव्यापी सरोकारवालाहरूबीच तथा विश्व र राष्ट्रियस्तरमा आयोजनाका साझेदारहरुबीच विविध तहमा सहयोग लिइनेछ।

## कार्यक्रमको साझेदारहरू र तिनीहरूको भूमिका

**Global Water Partnership**

जलस्रोत व्यवस्थापन तथा नीति एवं योजना सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने,
जलस्रोत व्यवस्थापनका अवरोध (बोटल्नेक्) पहिचान गर्ने,
अन्तर्राष्ट्रिय मंचमार्फत राजनीतिक सुझबुझ बढाइ रणनीतिक कार्यान्वयनलाई उत्प्रेरित गर्ने

**WHO**

खानेपानी र सरसफाइ सुरक्षा योजनादेखि संक्रमण रोकथाम र नियन्त्रणसम्मका लागि निर्देशिका, अनुगमन र रिपोर्टिंगको व्यवस्था गर्ने

**unicef**

वास सेवाको जलवायु-उत्थानशीलता बढाउने उपागम प्रदर्शन गर्दै सरकार र यो विषयबस्तु (सेक्टर) का साझेदारको क्षमता विकास तथा प्रभावलाई अधिकतम बनाउन जलवायु वित्तबाट लाभ उठाउने

**WHO UNICEF JMP**

प्रमाणमा-आधारित नीति तर्जुमा गर्न तथा निर्णय लिनका लागि वासको पहुँचमा महत्वपूर्ण तथ्यांक संकलन गर्ने

**SANITATION AND WATER FOR ALL**

बहुसरोकारवालाहरुको संवाद, वकालत र सिकाइका लागि मंच प्रदान गर्ने

यस कार्यक्रमबाट प्राप्त हुने कार्यन्वयन-योग्य ज्ञान उत्पादनले निर्णय लिने प्रक्रियामा सूचित गर्न, राजनीतिक र वित्तीय छनोटलाई निर्देशित गर्न, सबैभन्दा बढी आवश्यक पर्नेलाई फाइदा पुऱ्याउने गरी व्यवहार परिवर्तनलाई प्रभाव पार्न तथा पानीको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय नेतृत्वलाई प्रोत्साहित गर्न सबै सहकर्मीको सामूहिक प्रयासमा योगदान गर्नु पर्छ।

यस कार्यक्रम र यसले राष्ट्रिय सरकारहरूलाई के कसरी सहयोग गरिरहेको छ भन्नेबारेमा थप जानकारीको लागि कृपया www.gwp.org मा हेर्नुहोस्।

आर्थिक सहयोग
Foreign, Commonwealth & Development Office
UKaid from the British people